नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्या:२०७५/७६ | मिति : २०७५।०५।१२

चलानी नं. : ६८

श्री स्थानीय तह सबै, (काठमाण्डौं, भक्तपुर र ललितपुर जिल्ला भित्रका)

विषय: निर्णय कार्यान्वयन सम्बन्धमा ।

प्रस्तुत विषयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं. ८० मिति २०७५/०५/१२ को पत्रबाट गृह मन्त्रालय, स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखाको च.नं.२५३ मिति २०७५/०५/०७ को पत्रबाट आगामी भाद्र १४ र १५ गते काठमाण्डौंमा हुन गइरहेको BIMSTEC चौथो शिखर सम्मेलनमा सहभागी हुन आंउने विदेशी अतिथि तथा प्रतिनिधिहरुको आवगमनलाई सुरक्षित, व्यवस्थित र सहज बनउने उद्देश्यले भदौं १४ र १५ गते २ दिन काठमाण्डौं शिक्षण संस्था बिदा गर्न शिक्षण संस्थाका सवारी साधन समेत उक्त २ दिन नचलाउने व्यवस्थाका लागि लेखि आएकोले काठमाण्डौं उपत्यकाका विद्यालयहरुलाई भाद्र १४ र १५ गते स्थानीय सरकार (नगरपालिका र महानगरपालिका) मार्फत बिदा गर्न र उक्त २ दिन शिक्षण सस्थाका सवारी नचलाउने व्यवस्थाका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई लेखी पठाउने भनी मिति २०७५/०५/१० मा माननीय मन्त्रीस्तरीय निर्णय भइ आएकोले सो अनुसार गर्नुगराउनु हुन आदेशनुसार अनुरोध छ ।

केशवराज पार्धे
शाखा अधिकृत

बोधार्थ:
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, विद्यालय शिक्षा शाखा, सिंहदरबार ।
श्री सूचना तथा प्रविधि शाखा: website मा upload गरिदिनु हुन ।

Scanned with CamScanner